# राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रमको मार्गदर्शन





“समयमै पहिचान, सही उपचारः
कुपोषण मुक्त पुस्ताको आधार”



पोषण शाखा
परिवार कल्याण महाशाखा
स्वास्थ्य सेवा विभाग

# विषयसुची


१. पृष्ठभूमि ........ ४
२. कार्यक्रमको उद्देश्य ........ ५
२.१ समग्र उद्देश्य ........ ५
२.२ विशिष्ट उद्देश्यहरू ........ ५
३. लक्षित समूह र कार्यक्षेत्र ........ ५
४. कार्यक्रम संचालन प्रक्रिया ........ ६
४.१ सूक्ष्म योजना तर्जुमा (**Micro Planning**) ........ ६
४.१.१ पोषण लेखाजोखा कार्यक्रम संचालन गर्न सकिने स्थानहरू ........ ६
४.१.२ कार्यान्वयन अवधि ........ ७
४.२ समुदाय परिचालन ........ ७
४.३ पोषण लेखाजोखा प्रक्रिया ........ ७
४.३.१ वर्गीकरण ........ ८
४.४ पोषण लेखाजोखा अभिलेख तथा प्रतिवेदन व्यवस्थापन ........ ८
५ संस्थागत व्यवस्था र भूमिका ........ ८
५.१ परिवार कल्याण महाशाखा ........ ८
५.२ प्रदेश स्तर ........ ९
५.३ स्थानिय तह स्तर ........ ९
५.४ स्वास्थ्य संस्था स्तर ........ ९
५.५ सहयोगी संस्थाहरु ........ ९
६. बजेट ब्यवस्थापन ........ १०
७. निष्कर्ष (**Conclusion**) ........ १०
अनुसूची १: स्वास्थ्य संस्था स्तरको सूक्ष्म योजनाको ढाँचा ........ ११
अनुसूची २: रेफरल फारम ........ १२
अनुसूची ३: पोषण लेखाजोखा गरिने दिनको **checklist** ........ १२

## १. पृष्ठभूमि

बालबालिकाको स्वास्थ्य, सर्वाङ्गीण विकास र जीवन रक्षाका लागि कुपोषण एउटा प्रमुख चुनौतीको रूपमा रहेको जनस्वास्थ्य समस्या हो । नेपाल सरकारको राष्ट्रिय पोषण रणनीति, बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) तथा शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन (Integrated Management of Acute Malnutrition) निर्देशिकाको भावना अनुरूप, ६–५९ महिनाका बालबालिकामा शिघ्र कुपोषणको समयमै पहिचान र उपचार तथा व्यवस्थापन सुनिश्चित गर्न राष्ट्रिय स्तरमा पोषण लेखाजोखा कार्यक्रम सञ्चालन गरिनेछ।

नेपालमा कुपोषणको अवस्थाको बारेमा प्रत्येक पाँच वर्षको अन्तरालमा नेपाल जनसांखिक तथा स्वास्थ्य सर्वेक्षण हुने गरेको छ। प्रत्येक पाँच वर्षको अन्तरालमा गरिने भएतापनि सन् २०२२ पछि कुनै पनि किसिमको राष्ट्रीय स्तरको अध्ययन हुन सकेको छैन। नेपालकमा हालको पोषण अवस्थाबारे अद्यावधिक, सूक्ष्म र स्थानगत (Palika, जिल्ला र प्रदेश स्तर) तथ्याङ्कको अभाव रहेको छ। यस सन्दर्भमा, राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रमले देशभरका सबै स्थानियतहहरूमा बालबालिकाको व्यवस्थित पोषण लेखाजोखा गरी उच्च तथा न्यून कुपोषण भएका स्थानिय तह, जिल्ला र प्रदेश पहिचान गर्ने लक्ष्य राखेको छ । यसबाट समुदायस्तरमा कुपोषणका दृष्टिकोणले जोखिम युक्त (highly stratified) स्थानको पहिचान गरि कुपोषण न्युनिकरणका लक्षित कार्यक्रमहरू (targeted interventions) तर्जुमा गरि कार्यान्वयन गर्ने ठोस आधार प्रदान गर्नेछ।

यस निर्देशिकाले राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन, तथ्याङ्क व्यवस्थापन तथा कुपोषण व्यवस्थापन कार्यमा एकरूपता प्रदान गर्नेछ।

**कार्यान्वयन अवधि :** बैसाख महिना को १५ देखि ३० गते भित्र सम्पन्न गर्नुपर्नेछ

**कार्य क्षेत्र :** नेपालका सबै ७५३ स्थानिय तह

## २. कार्यक्रमको उद्देश्य

### २.१ समग्र उद्देश्य

६–५९ महिनाका बालबालिकामा शिघ्र कुपोषण (SAM र MAM) को समयमै पहिचान गरी उपयुक्त कुपोषण व्यवस्थापन सेवामा रेफरल सुनिश्चित गर्नु तथा स्थानिय तह, जिल्ला र प्रदेश स्तरमा कुपोषणको वास्तविक जोखिम (उच्च, मध्यम तथा न्यून) वर्गीकरण गरी लक्षित कार्यक्रम (targeted interventions) तर्जुमा गर्न आवश्यक आधार तयार गर्नु।

### २.२ विशिष्ट उद्देश्यहरू

१. ६–५९ महिनाका बालबालिकाको पोषण अवस्था; Severe Acute Malnutrition (SAM) र Moderate Acute Malnutrition (MAM); पहिचान गर्नु।

२. पहिचान भएका बालबालिकालाई बहिरङ्ग उपचार हेरचाह सेवा, अंतरङ्ग उपचार हेरचाह सेवामा प्रभावकारी रूपमा रेफरल गर्नु।

३. स्थानिय तह, जिल्ला र प्रदेश स्तरमा कुपोषणको स्तर (उच्च, मध्यम र न्यून) निर्धारण गर्नु।

४. उच्च जोखिमयुक्त (high-prevalence) स्थानिय तह, जिल्ला र प्रदेश पहिचान गरी लक्षित पोषण कार्यक्रम (targeted interventions) तर्जुमाका लागि आधार तयार गर्नु।

५. राष्ट्रिय पोषण योजना, नीति निर्माण तथा कार्यक्रम अनुगमनका लागि अद्यावधिक, विश्वसनीय र समुदाय स्तरको तथ्याङ्क तयार गर्नु।

## ३. लक्षित समूह र कार्यक्षेत्र

- **मुख्य लक्षित समूहः** ६–५९ महिनाका शिशु तथा बालबालिका
- **कार्य क्षेत्रः** नेपालका सबै ७५३ स्थानिय तह
- **कार्यान्वयन इकाइः** स्वास्थ्य संस्था बाट समुदाय स्तरमा

*हरेक स्थानिय तहमा कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ।*

## ४. कार्यक्रम संचालन प्रक्रिया

### ४.१ सूक्ष्म योजना तर्जुमा (Micro Planning)

पोषण लेखाजोखा कार्य संचालन गर्नु अगावै हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र समेटिने गरि अनुसूची १ बमोजिमको सूक्ष्म योजना फारम प्रयोग गरि सूक्ष्म योजना तर्जुमा गर्नुपर्ने छ ।

- ६–५९ महिनाका बालबालिकाको अनुमानित संख्या
- पोषण लेखाजोखा कार्यक्रम संचालन हुने स्थान, मिति र समय निर्धारण गर्ने
- पोषण लेखाजोखाका लागि खटिने टोली निर्धारण गर्ने
- पोषण लेखाजोखाका आवश्यक सामग्री (Anthropometric Tools) सुनिस्चित गर्ने

यसरि तयार हरेक स्वास्थ्य संस्थाले तयार गरेको सूक्ष्म योजना फारम लाई हरेक स्थानिय तहले समायोजन गरि स्थानिय स्तारको योजना तयार गरि सो को जानकारी सम्बन्धित स्वास्थ्य कार्यालयहरूमा जानकारी गराउनु पर्नेछ ।

### ४.१.१ पोषण लेखाजोखा कार्यक्रम संचालन गर्न सकिने स्थानहरू

- स्वास्थ्य संस्था
- सामुदायिक क्लिनिक/ वृद्धि अनुगमन क्लिनिक
- प्रारम्भिक बाल विकास केन्द्र
- सामुदायिक भवन
- वडा कार्यालय
- खोप केन्द्र
- अन्य

**<u>*बालबालिकाको संख्या र भौगोलिक अवस्था अनुसार पोषण लेखाजोखाको लागि आवश्यकता अनुसार एक भन्दा बढी स्थानहरूमा संचालन गर्न सकिनेछ।*</u>


### ४.१.२ कार्यान्वयन अवधि

- राष्ट्रीय पोषण लेखाजोखा कार्यक्रम **बैसाख महिनाको १५ गते देखी ३० गते** सम्म राष्ट्रीय रूपमा संचालन गरिनेछ ।
- सम्पुर्ण स्थानिय तहले पोषण लेखाजोखामा प्रयोग हुने तौल तथा उचाई/लम्बाई नाप्ने उपकरणहरूको उपलब्ध संख्याका आधारमा सूक्ष्म योजना तयार गर्नुपर्ने छ ।
- शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन निर्देशिका अनुसार तौल मापनका लागि 2 in 1 Digital Weighing Scale र उचाई/लम्बाई मापनका लागि ABS Plastic बोर्ड प्रयोग गर्नुपर्नेछ।
- कुनै कारणवस स्थानिय तहले १५ गते अगाबै कार्यक्रम संचालन गर्नु पर्ने भएमा प्रदेश र संघमा जानकारी गराउनु गर्नुपर्ने छ तर यो राष्ट्रीय पोषण लेखाजोखा कार्यक्रम बैसाख महिनाको ३० गते पश्चात गर्न पाइने छैन ।

## ४.२ समुदाय परिचालन

पोषण लेखाजोखा कार्यक्रम संचालन पुर्व महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका मार्फत पोषण लेखाजोखा हुने स्थान, मिति र समयको बारेमा सुचना प्रवाह गरिनेछ। यस कार्यका लागि समुदाय स्तरमा सूचना प्रवाहका लागि रेडियो, एफ.एम., लगायत स्थानिय स्तरमा उपलब्ध सूचना तथा संचार माध्यमहरू प्रयोग गरिनेछ।

## ४.३ पोषण लेखाजोखा प्रक्रिया



### ४.३.१ वर्गीकरण

| पोषण स्थिति | वर्गीकरण |
|---|---|
| शीघ्र कुपोषण नभएको | • लम्बाई/उचाई अनुसारको तौल ≥-२ एस डी र<br>• पाखुराको मध्य भागको परिधि ≥१२५ मि.मि र<br>• पोषणजन्य कारणले नसुन्निएको |
| मध्यम शीघ्र कुपोषण | • लम्बाई/उचाई अनुसारको तौल ≥ -३ एस डी देखि < -२ एस डी सम्म र/वा<br>• पाखुराको मध्य भागको परिधि ≥ ११५ मि.मि देखि १२४ मि.मि सम्म र<br>• पोषणजन्य कारणले नसुन्निएको |
| कडा शीघ्र कुपोषण | • लम्बाई/उचाई अनुसारको तौल < -३ एस डी र /वा<br>• पाखुराको मध्य भागको परिधि < ११५ मि.मि र/वा<br>• पोषणजन्य कारणले सुन्निएको |

## ४.४ पोषण लेखाजोखा अभिलेख तथा प्रतिवेदन व्यवस्थापन

१. पोषण लेखाजोखाका लागि दैनिक रूपमा अभिलेखिकरणका लागि तयार गरिएको मोबाइल एप प्रयोग गरिने छ।

२. मोबाइल एपमा पोषण लेखाजोखा को अभिलेखिकरण offline mode मा पनी प्रबिस्ट गर्न सकिनेछ।

३. तयार गरिएको मोबाइल एप प्रयोग को प्रयोग सम्बन्धि अभिमुखीकरण संचालन हुनेछ ।

४. स्थानिय तह, प्रदेश, संघ तथा प्राविधिक सहयोगी संस्थाहरूबाट 'Real-time' तथ्याङ्क को गुणस्तर तथा अनुगमन गरिनेछ।

# ५ संस्थागत व्यवस्था र भूमिका

## ५.१ परिवार कल्याण महाशाखा

- पोषण लेखाजोखा कार्यक्रमका लागि आवश्यक पर्ने निर्देशिका, मार्गदर्शन तथा प्राविधिक मापदण्ड निर्धारण गर्ने
- 'Real-time' डेटा मनिटरिङ गर्ने

## ५.२ प्रदेश स्तर

- स्थानिय तहलाई प्राविधिक सहयोग र सुपरिवेक्षण गर्ने
- प्रदेश स्तरमा पोषण लेखाजोखा बाट प्राप्त तथ्याङ्क विश्लेषण गर्ने
- 'Real-time' डेटा मनिटरिङ गर्ने

## ५.३ स्थानिय तह स्तर

- स्थानिय तह स्तरको सूक्ष्म कार्ययोजना समायोजन गर्ने
- बजेट, पोषण लेखा जोखाका लागि आवशयक सामग्री र जनशक्ति व्यवस्थापन गर्ने
- कार्यक्रम अनुगमन र रिपोर्टिङ गर्ने
- 'Real-time' डेटा मनिटरिङ गर्ने

## ५.४ स्वास्थ्य संस्था स्तर

- पोषण लेखाजोखा कार्यक्रमको लागि स्थान, मिति र समय तय गर्नका लागि सूक्ष्म योजना तयार गर्ने
- पोषण लेखाजोखा कार्यक्रम संचालन पुर्व महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका मार्फत पोषण लेखाजोखा हुने स्थान, मिति र समयको बारेमा सुचना प्रवाह गर्ने।
- सूक्ष्म योजना अनुसार बालबालिका को पोषण लेखाजोखा कार्य सम्पनन गर्ने।
- पोषण लेखाजोखाको तथ्याङ्क उपलब्ध गराईएको मोवाईल एपमा प्रवृस्ठ गर्ने।

## ५.५ सहयोगी संस्थाहरु

- प्राविधिक सहयोग र क्षमता विकास गर्ने
- उपकरण ब्यावस्थापन गर्ने
- तालिम तथा अनुगमनमा सहयोग गर्ने

- 'Real-time' डेटा मनिटरिङ गर्ने
- आवश्यक्ता अनुसार वजेट व्यवस्थापन गर्ने

## ६. बजेट ब्यवस्थापन

- हरेक स्थानिय तहमा आ.व. २०८२।८३ का लागि सुनौला हजार दिनका आमाहरूलाई पोषण विशेष अभिमुखिकरण तथा पोषण लेखाजोखा कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ।
- स्थानिय तहमा पोषण बिशेष कार्यक्रम संग सम्बन्धित अन्य शिर्षकमा विनियोजन गरिएको वजेट समेत यस क्रियाकलापमा प्रयोग गर्न सकिनेछ ।
- सहयोगी संस्था भएका जिल्लामा उक्त संस्थाहरुले आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउनेछन ।

## ७. निष्कर्ष (Conclusion)

६ देखि ५९ महिनाका शिशु तथा बालबालिकामा रहेको शीघ्र कुपोषणको समयमै पहिचान र उपचार सुनिश्चित गर्नु यस कार्यक्रमको मुख्य ध्येय हो । ७५३ वटै स्थानिय तहमा सञ्चालन गरिने यस पोषण लेखाजोखा कार्यक्रमले हाल रहेको अद्यावधिक र स्थानगत तथ्याङ्कको अभावलाई पूर्ति गर्नेछ । यस निर्देशिकामा उल्लेखित प्रक्रिया र मापदण्डहरूको प्रभावकारी पालनाले कुपोषणको जोखिममा रहेका बालबालिकालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउन, प्रेषण (Referral) प्रणालीलाई सुदृढ बनाउन र भविष्यमा प्रमाणमा आधारित लक्षित कार्यक्रमहरू तर्जुमा गर्न ठोस आधार प्रदान गर्नेछ ।

## अनुसूची १:स्वास्थ्य संस्था स्तरको सूक्ष्म योजनाको ढाँचा

| राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रमको योजना तर्जुमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानिय तहको नाम : | | | | | | | |
| वडा नं. | ६-५९ महिनाको जम्मा बालबालिकाको संख्या | पोषण लेखाजोखा संचालन हुने स्थान/टोलको विवरण | | | | | |
| | | स्थान/टोल १ को नाम | स्थान/टोल १ संचालन हुने मिती | स्थान/टोल २ को नाम | स्थान/टोल २ संचालन हुने मिती | स्थान/टोल ३ को नाम | स्थान/टोल ३ संचालन हुने मिती |
| 1 | | | | | | | |
| 2 | | | | | | | |
| 3 | | | | | | | |
| 4 | | | | | | | |
| 5 | | | | | | | |
| 6 | | | | | | | |
| 7 | | | | | | | |
| 8 | | | | | | | |
| 9 | | | | | | | |
| 10 | | | | | | | |

- स्थानिय तहमा भएका वडा संख्याको आधारमा फारममा भएको वडा नं. थप घट गर्न सकिनेछ
- पोषण लेखाजोखा केंद्रहरूको संख्या आवश्यकता अनुसार थप घट गर्न सकिनेछ

## अनुसूची २: रेफरल फारम

| पूर्व तयारी checklist | | |
|---|---|---|
| | भएको | नभएको |
| माइक्रो योजना तयार | | |
| स्थल र मिति तय | | |
| टोली गठन | | |
| सामग्री उपलब्ध | | |
| समुदायमा सूचना | | |

## अनुसूची ३: पोषण लेखाजोखा गरिने दिनको checklist

| पोष लेखाजोखा गरिने दिनको checklist | | |
|---|---|---|
| | भएको | नभएको |
| उपकरण उपलब्ध | | |
| सही मापन | | |
| फारम भरेको | | |
| IMAM प्रोटोकॉल फलो गरिएको | | |